library NEPAL

# पुस्तकालय नेपाल

## पाठ १: परिचय

*इलेक्ट्रा मिडिया (Elektra Media) ले स्तम्भ नेपालसँगको सहकार्यमा नेपालभर पढाइ र साक्षरता वृद्धिमा काम गरिरहेको छ।*

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# पुस्तकालय नेपाल

पुस्तकालय नेपाल नेपालका सुदुर र ग्रामिण क्षेत्रका विद्यालयहरूमा पढाइ र साक्षरताको अभिवृद्धिको निम्ति निर्माण गरिएको एक शैक्षिक कार्यक्रम हो ।

यो कार्यक्रमले आत्मनिर्भर अध्ययन समूहहरूको स्थापना गर्न विद्यालयहरूलाई सहयोग गर्छ, जसले विद्यार्थीहरूमा पुस्तकहरू र सिकाइका सामाग्रीहरूप्रति प्रेमको विकास गर्न उत्साह दिन्छ ।

पुस्तकालय नेपालको लक्ष्यः

- विद्यालयका कर्मचारीहरूलाई आफ्नो विद्यालयको पुस्तकालय र सामाग्रीहरूको उत्तम प्रयोग गर्ने ढाँचा प्रदान गर्ने ।
- आत्मनिर्भर अध्ययन समूहहरू र कर्मचारीको समय नलाग्ने किसिमका क्रियाकलापहरूको स्थापना गर्नको निम्ति प्रभावकारी उपायहरू सुझाउने ।
- सिकाइप्रति उत्सुकता जगाउने किसिमका संगठित क्रियाकलापहरू प्रदान गर्ने ।
- विद्यार्थीहरूलाई तिनीहरूको आफ्नै पढाइ र सिकाइको निम्ति सशक्त बनाउने ।



Published by Elektra Media Ltd

Istambha Nepal

# कार्यक्रमको संक्षिप्त विवरण


library NEPAL

पुस्तकालय नेपालको कार्यक्रमलाई ६ पाठमा बाँडिएको छ ।

हरेक पाठमा १ **प्रस्तुति** र **क्रियाकलाप पृष्ठका** शृङ्खलाहरू समेटिएको छ ।

**प्रस्तुति** रिडिङ् च्याम्पियन तथा शिक्षकप्रति लक्षित छ । यसले पाठलाई निर्धक्क रूपमा सिकाउनको निम्ति सहायता गर्छ र यसलाई सत्र सुरु गर्नु अगाडि हेर्नुपर्ने हुन्छ ।

प्रत्येक क्रियाकलाप पुस्तकालयमा, अध्ययन समूहमा वा कक्षामा विभिन्न तरिकाले प्रयोग गपृष्ठलाई र्नको निम्ति डिजाइन गरिएको छ ।



| पाठ | विषय | प्रस्तुति | गतिविधि पृष्ठ |
|---|---|---|---|
| १ | परिचय | ✓ | रिडिङ् च्याम्पियन सामाग्री |
| २ | साना बालबालिकाहरू र नपढ्नेहरूको निम्ति कथा | ✓ | x ३ |
| ३ | सबैको निम्ति क्रियाकलापहरू | ✓ | x ३ |
| ४ | ठुला बालबालिकाहरूका लागि कथा | ✓ | x ४ |
| ५ | ठुला बालबालिकाहरूका लागि कथाबाहेकका (गैह्रआख्यान्)अन्य पाठ | ✓ | x ४ |
| ६ | मूल्यांकन र मनन | ✓ | x २ |

elektra media
Published by Elektra Media Ltd
Istambha Nepal

# कार्यक्रमको संक्षिप्त विवरण

**पाठ २-५** लाई जुनसुकै क्रममा अध्ययन गर्न सकिन्छ। रिडिङ्ग च्याम्पियनहरू वा शिक्षकहरूले आफ्नो समूहको आधारमा कुन पाठ पहिले पुरा गर्ने भन्ने निर्णय गर्न सक्छन्।

**पाठ ६** (मूल्याङ्कन र मनन) ले विद्यार्थीहरूलाई आफ्नो प्रगति मूल्याङ्कन गर्न र आफ्नो सफलताको उत्सव मनाउने मौका दिन्छ। यसले पुस्तकालयमा निरन्तर सहभागी हुनको निम्ति व्यवहारिक अवधारणाहरू पनि प्रदान गर्छ।

सबै सामाग्रीहरू स्थानीय प्रयोगको निम्ति डाउनलोड गर्न सकिन्छ र यो पाठ्यक्रम समूहहरूमा वा व्यक्तिगत रूपमा, अनलाइन वा अफलाइन, कक्षाकोठाको परिवेशमा वा कक्षा बाहिर रहेर तथा ठूलो (स्क्रिन) पर्दामा वा सानो स्क्रिन भएको मोबाइलमा प्रयोग गर्नको निम्ति उपयुक्त हुन्छ।



elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# अध्ययन समूह के हो?

library NEPAL



अध्ययन समूहहरूले विद्यार्थीहरूलाई निरन्तर रूपमा एकसाथ भेला भएर पुस्तकालयको प्रयोग र पुस्तकको बारेमा छलफल गर्ने मौका दिन्छन् ।
विद्यार्थीहरूले अध्ययन समूहबाट धेरै फाइदा लिन सक्छन्:

- तिनीहरूलाई पुस्तकालयको प्रयोग गर्ने मौका दिइन्छ ।
- तिनीहरूमा उपलब्ध स्रोत र सामाग्रीहरूको पूर्ण प्रयोग गर्ने सीपको विकास हुन्छ ।
- तिनीहरूमा आफ्नो रूची र सिकाइका लक्ष्यहरूको खोजी गर्ने उत्सुकताको विकास हुन्छ ।
- तिनीहरूलाई पुस्तकहरूसँग रमाउने उत्साह मिल्छ ।
- तिनीहरूले परम्परागत कक्षाकोठाको परिवेशबाट बाहिर रहेर पढाइ र साक्षरता सीपहरूको अभ्यास गर्छन् ।

elektra media Published by Elektra Media Ltd
Istambha Nepal

# कर्मचारीहरूको निम्ति फाइदा

पुस्तकालय नेपालले ठूला विद्यार्थीहरूलाई आफ्नो समूहहरू र साना विद्यार्थीहरूको समूहहरूको व्यवस्थापन गर्न सक्षम बनाउँछ। यसका धेरै शैक्षिक फाइदाहरू छन्, तर यसले कर्मचारीहरूको समयको माग गर्दैन।

- यसले ठूला विद्यार्थीहरूको माझमा साथीहरूबाट सिक्ने कुरालाई प्रोत्साहन गर्दछ, किनकि तिनीहरूले पालैपालो समूहको नेतृत्व गर्छन्।
- ठूला विद्यार्थीहरूले अध्ययन समूह अन्तर्गतका क्रियाकलापहरूमार्फत् साना विद्यार्थीहरूलाई मार्गदर्शन गर्छन् र यसले तिनीहरूको नेतृत्व सीपलाई बलियो बनाउँछ र तिखार्छ।
- ठूला विद्यार्थीहरूले आफ्नो ज्ञान र सीप साना विद्यार्थीहरूको माझमा बाँड्ने क्रममा तिनीहरूमा आत्मसम्मानमा वृद्धि हुन्छ र उपलब्धिको आभाष हुन्छ।
- यसले साना विद्यार्थीहरूमा सिकाइको प्रेरणादायक ढाँचा प्रदान गर्छ र उनीहरूको आकांक्षा उनीहरूकै पहुँचमा छ भन्ने महसुस गराउँछ।
- यसले समूहगत छलफलमा विद्यार्थीहरूले स्वतन्त्र तरिकाले योगदान गर्ने परिवेश सृजना गर्छ।


Published by Elektra Media Ltd
Istambha Nepal

# अध्ययन समूहरूको निर्माण

समूहहरूको निर्माण गर्नुभन्दा अघि तपाईंले केही व्यवहारिक प्रश्नहरूमा ध्यान दिनु आवश्यक छ। कुनै कुरा पनि नछुटोस् भन्नको लागि यो पाठमा दिइएको निर्माण पृष्ठको प्रयोग गर्नुहोस्।

केही सुझावहरू:

- एउटा विद्यालय तहबाट सुरु गर्ने र त्यसपछि त्यसको विस्तार गर्नु असल हुन्छ।
- धेरै विद्यालयहरूले हरेक समूह दुई हप्तामा एक पटक भेट गर्ने काम व्यवहारिक र प्रभावकारी भएको बताउँछन्।
- प्रत्येक सत्रहरू ३० मिनेटको हुनुपर्छ।
- पाँचदेखि आठजना विद्यार्थीको समूह बनाउनु राम्रो हुन्छ।



**अध्ययन समूहहरूको निर्माण कसरी गर्ने**
पाठ १ परिचय

तल दिइएका नोटहरूले तपाईंका स्व-व्यवस्थित अध्ययन समूहहरू निर्माण गर्नको निम्ति चार चरणहरू प्रदान गर्दछन्। तपाईंको विद्यालयको आकार र तपाईंको निम्ति उपलब्ध संसाधनहरूको आधारमा यी चरणहरू परिवर्तन गर्नु पर्ने हुनसक्छ। तपाईंलाई योजना बनाउन, व्यवस्थापन गर्न र तपाईंका विचारहरूको संचार गर्नको निम्ति उदाहरणको रूपमा तलका तालिकाहरू दिइएका हुन्। यी तालिकाहरूलाई आवश्यकता अनुसार प्रिन्ट गर्न, प्रतिलिपी निकाल्न वा आफ्नो अनुकुल बनाउन सक्नुहुन्छ।

**चरण १: अनुमति लिने**
विद्यालय व्यवस्थापन समूह र कर्मचारीहरूसँग छलफल गरेर तल दिइएका कुराहरूमा सहमति लिने।

१. जम्मा कतिजना विद्यार्थीहरू सामेल गराउने?
   - सानो सङ्ख्याका समूहहरूबाट सुरु गर्नु राम्रो हुन्छ। एकपटकमा एउटा विद्यालय तहबाट सुरु गरेर त्यसपछि विस्तार गर्न सक्नुहुन्छ।

२. कति समय उपलब्ध हुन सक्छ?
   - धेरै विद्यालयहरूले हरेक समूह दुई हप्तामा एक पटक भेट गर्ने काम व्यवहारिक र प्रभावकारी भएको बताउँछन्। प्रत्येक सत्रहरू ३० मिनेटको हुनुपर्छ।

३. सत्रहरू कुन ठाउँमा गर्ने?
   - क्रियाकलापहरू पुरा गर्नको निम्ति पुस्तकहरू विद्यार्थीहरूको पहुँचमा हुनुपर्छ। उनीहरू पुस्तकालय वा स्रोत केन्द्र वा कक्षाकोठा कहाँ भेट गर्छन्?

४. सत्रहरू कुन समयमा सञ्चालन गर्ने?
   - विद्यार्थीहरू पाठ सञ्चालन समयमा भेट गर्छन् कि तिनीहरूको आफ्नै समयमा?

५. प्रत्येक समूहमा कति जना विद्यार्थीहरू सामेल हुन्छन्?
   - एक समूहमा पाँचदेखि आठ जना विद्यार्थी सङ्ख्या ठिक हुन्छ।

**चरण २: समूहहरूको निर्माण गर्ने**
विद्यार्थीहरूलाई समूहहरूमा बाँड्ने त्यसपछि प्रत्येक समूहको लागि पढाइ च्याम्पियन छान्ने।
पढाइ च्याम्पियन समूहको अगुवा हुन्छ। यो व्यक्ति एउटा यस्तो विद्यार्थी हुनुपर्छ जसमा नेतृत्व सीपहरू छन् पढाइप्रति उत्सुक छ। पढाइ च्याम्पियनको छनौटको बारेमा बढी जानकारी हासिल गर्नको निम्ति पाठ १ को प्रस्तुति हेर्नुहोस्।

हरेक समूहको निम्ति अगुवाको छनौट गर्दा निम्न कुरामा धेरै ध्यान दिनुपर्छः
- क्षमता
- उमेर
- परिपक्वता
- व्यक्तित्व
- साझा रूचीहरू

अब तपाईंले तालिका १ लाई प्रिन्ट वा यसको प्रतिलिपी निकालेर भर्न सक्नुहुन्छ। यसलाई सबै विद्यार्थीहरूले देख्ने गरी पुस्तकालयजस्ता ठाउँमा झुण्डाउन वा टाँस्न सक्नुहुन्छ, ताकि विद्यार्थीले आफ्नो समूहमा कोको छन् भन्ने कुरा नभुलुन्।

वैकल्पिक रूपमा, सबै विवरणहरूलाई सेतो वा कालोपाटीमा सार्न सक्नुहुन्छ। तालिका १ एउटा सल्लाह हो र यदि तपाईंका समूहमा धेरै विद्यार्थीहरू छन् भने यसलाई आफ्नो आवश्यकता अनुसार परिवर्तन पनि गर्न सक्नुहुन्छ।

Published by Elektra Media Ltd
Istambha Nepal

# रिडिङ् च्याम्पियन

समूहहरूलाई प्रभावकारी र उत्पादनमूलक बनाउनको निम्ति हरेक समूह वा सत्र मनोनित समूह अगुवा अर्थात् 'रिडिङ् च्याम्पियन' द्वारा निर्देशित हुनु जरूरी छ । समूहको अगुवा विद्यार्थीहरू नै हुनु असल हुन्छ, तर अभिभावक, स्वयंसेवक वा प्रशिक्षार्थी शिक्षकहरू पनि समूहको अगुवा बन्न सक्छन् ।

- ठूला विद्यार्थीहरूको समूहमा (१२ वर्षदेखि माथि) समूहका सदस्यहरूले पालैपालो नेतृत्व गर्न सक्छन्, हरेक सत्रमा अगुवाको परिवर्तन गर्न सकिन्छ । एउटै तहका सदस्यहरू भएको ठाउँमा यसले राम्ररी काम गर्छ ।
- यदि एउटै उमेर समूहका तर मिश्रित क्षमता भएका विद्यार्थीहरू छन् भने कम सक्षमहरूलाई मार्गनिर्देश गर्नको निम्ति सुरुका केही सत्रहरूमा सक्षम अगुवाहरू मनोनित गर्नु राम्रो हुन्छ ।
- साना विद्यार्थी भएको समूहहरूमा माथिल्लो तहका ठूला विद्यार्थीहरूलाई अगुवाको रूपमा मनोनित गर्नुहोस् । यसले माथिल्लो कक्षाहरूलाई सानो कक्षाहरूको विकासमा योगदान दिने अवसर मिल्छ ।

हरेक विद्यार्थीलाई अन्य विद्यार्थीहरू, साथीहरू र साना विद्यार्थीहरूको मदत गर्ने स्रोत व्यक्तिको रूपमा लिनुहोस् ।

Published by Elektra Media Ltd

Istambha Nepal


# रिडिङ् च्याम्पियनका जिम्मेवारीहरू

रिडिङ् च्याम्पियन निम्न कुराहरूमा जिम्मेवार हुन्छः

- समूह सदस्यहरू तोकिएको समय र ठाउँमा भेला हुने कुराको निक्यौंल गर्ने ।
- हरेक सत्रको पढाइ र क्रियाकलापहरूको नेतृत्व गर्ने ।
- समूहका हरेक सदस्यहरूलाई प्रत्येक सत्रमा सक्रिय सहभागिताको लागि प्रोत्साहन गर्ने ।
- कुनै समस्याहरू, बाधाहरू वा सफलताहरूको प्रतिवेदन कार्यक्रम अगुवाहरूलाई दिने ।
- हरेक सत्रपछि प्रगति विवरण भर्ने ।

क्रियाकलापहरूको नेतृत्व नगरेका विद्यार्थीहरूको निम्ति यो काम सुरुमा कठिन लाग्छ । यो पाठमा समावेश गरिएको **रिडिङ् च्याम्पियन सामाग्री** नयाँ भूमिका लिने विद्यार्थीहरूलाई सहयोग र सशक्तिकरण गर्नको निम्ति तयार गरिएको हो ।

आफ्नो पहिलो सत्र सुरु गर्नु अगाडि नै रिडिङ् च्याम्पियनको हातमा यो सामाग्री पार्ने कुरामा निश्चित हुनुहोस् ।


**रिडिङ् च्याम्पियन सामाग्री**
पाठ १ परिचय

**पढाइसम्बन्धी खेलहरू**

तल दिइएका क्रियाकलापहरू कुनै पनि समयमा पुरा गर्न सकिन्छ । सबै जनाले ध्यान दिऊन् र सकारात्मक अनुभव गरून् भनेर रमाइलोको लागि सत्रको सुरु वा अन्तमा कुनै एउटा क्रियाकलापको प्रयोग गर्न सकिन्छ । असल आचरणको इनामको रूपमा पनि यिनीहरूको प्रयोग गर्न सकिन्छ ।

१. **गोलो घेरामा कथा**
पुस्तकालयबाट एउटा पुस्तक छान्ने र गोलो घेरामा बस्ने ।
कथाको पहिलो वाक्य ठूलो स्वरमा पढ्ने । पुस्तक बन्द गर्ने ।
पालैपालो कथाको अर्को वाक्य बनाउने ।
समय तोक्ने वा कथाको स्वभाविक अन्त नभएसम्म निरन्तरता दिने ।

यो क्रियाकलापलाई अझ कठिन बनाउनको निम्ति एकपटकमा एउटा शब्दमात्र भन्ने पनि गराउन सकिन्छ ।

२. **नबोली नक्कल गर्ने**
समूहमा भएका सबैलाई आँखा बन्द गर्न लगाउने ।
पुस्तकालयबाट एउटा पुस्तक छान्ने र पुस्तकको शीर्षक सम्झने ।
पुस्तकलाई साबिकको ठाउँमा राख्ने ।
सबैलाई आँखा खोल्न लगाउने ।
नबोलिकन पुस्तकको शीर्षकको नक्कल गर्ने र समूहलाई तपाईंले छानेको पुस्तक अनुमान गर्न दिने ।
सही अनुमान लगाउने व्यक्तिलाई नक्कल गर्ने मौका दिने ।

३. **भविष्यको अनुमान लगाउने**
पुस्तक राख्ने आलमारीबाट एउटा कथाको पुस्तक छान्ने र गोलो घेरामा बस्ने ।
पुस्तकको पहिलो पाना ठूलो स्वरमा पढ्ने ।
समूहलाई सोध्नेः 'यसपछि के हुन्छ?' र 'तपाईंलाई किन त्यस्तो लाग्छ?'
आफ्ना विचारहरू बाँड्ने ।
अर्को व्यक्तिलाई दोस्रो पाना पढ्न दिने ।
तपाईंले गरेका अनुमाहरू ठिक थिए?

४. **२० प्रश्नहरू**
तपाईंको समूहले पहिले नै जानेको पुस्तकबाट एउटा पात्र सोच्ने ।
यो पात्र कुनै प्रख्यात पात्र हुनसक्छ वा सबैजनाले सँगै बसेर पढेको पात्र पनि हुनसक्छ ।
त्यसपछि आफैलाई त्यो पात्रको रूपमा कल्पना गर्ने ।
समूहका अन्य व्यक्तिहरूले तपाई कुन पात्र हुनुभएको छ भन्ने कुरा पत्ता लगाउनको निम्ति पालैपालो प्रश्न सोध्न सक्छन् ।

नियमहरूः
- विद्यार्थीहरूले 'हो' वा 'होइन' उत्तर आउने प्रश्नमात्र सोध्न सक्छन् ।
- विद्यार्थीहरूले जम्मा २० प्रश्नहरू मात्र सोध्न सक्छन् ।
- हरेकले आफ्नो पालोमा तपाई को हौ भन्ने कुरा मात्र अनुमान गर्न सक्नेछन् ।
- यदि कसैले गलत अनुमान लगायो भने, उसले आफ्नो पालो गुमाउँछ र कसैले सही जवाफ दियो भने समूहले जित्छ, नत्र तपाईंले जित्नुहुन्छ ।

Published by Elektra Media Ltd
Istambha Nepal

library NEPAL

हाम्रा सल्लाहहरू र सामाग्रीहरूको प्रयोग गरेर तपाईंको विद्यालयमा पढाइ कार्यक्रम सुरुवात गर्ने काममा हर सफलताको कामना गर्दछौँ।

हाम्रा सबै कार्यपुस्तिकाहरू दिइएको वेभ ठेगानाबाट डाउनलोड गर्न सक्नुहुन्छः
www.library-nepal.com

यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने दिइएको इमेल ठेगानामा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छः
info@library-nepal.com

elektra media Published by Elektra Media Ltd
Istambha Nepal